# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असोज २७ गते, २०८२ साल (संख्या ३५

## भाग ३

### नेपाल सरकार

### सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

### सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर २१

### <u>नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (छैटौं संशोधन) नियमहरू, २०८२</u>

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (छैटौं संशोधन) नियमहरू, २०८२" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **<u>नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूचीमा संशोधन</u>** : नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूची-४ को खण्ड (घ) को क्र.सं. १ र २ को सट्टा देहायका क्र.सं. १ र २ राखिएका छन् :-

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्र वा व्यापार प्रशासन वा अर्थशास्त्र वा जनप्रशासन (सार्वजनिक वित्त वा लेखा विषय सहित) मा स्नातकोत्तर गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| २. | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्र वा व्यापार प्रशासन वा अर्थशास्त्र वा जनप्रशासनमा स्नातक तह उत्तीर्ण । |

**आज्ञाले,**
**रविलाल पन्थ**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।